प्रमाणित
[signature]
२०७६।१२।४

# सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
## बबरमहल, काठमाण्डौं ।

### विज्ञ/विशेषज्ञ सूचीकृत हुने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/१२/०४

यस आयोगको लागि आवश्यक पर्ने विज्ञ वा विशेषज्ञमा सूचीकृत हुन ईच्छुक देहाय बमोजिमको न्यूनतम योग्यता पुगेका ब्यक्तिहरुले देहाय बमोजिमको विवरण र देहायका कागजातहरुको प्रमाणित प्रलिलिपी संलग्न गरी प्रस्तुत सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोगमा निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

१. <u>विज्ञ वा विशेषज्ञको लागि आवश्यक योग्यता</u>

| क्र.सं. | विज्ञ वा विशेषज्ञको पद | न्यूनतम योग्यता |
|---|---|---|
| १ | अपराध अनुसन्धान, अभियोजन तथा कानून र न्यायको क्षेत्रमा विशिष्ठ ज्ञान हासिल गरेको विज्ञ | (क) नेपाल न्याय सेवाको रा.प. प्रथम श्रेणीको पदमा कार्यरत रहेको,<br>(ख) कानूनमा स्नातक उपाधि प्राप्त गरी नेपाल न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा सात वर्ष सेवा गरी वा सो भन्दा माथिल्लो पदबाट सेवा निवृत्त भएको व्यक्ति,<br>(ग) अपराध अनुसन्धानको क्षेत्रमा कम्तीमा राजपत्रांकितपदमा सात वर्ष सेवा गरी वा सो भन्दा माथिल्लो पदबाट सेवा निवृत्त व्यक्ति,<br>(घ) मानब अधिकार, मानवीय कानून, द्वन्द्व व्यवस्थापन तथा सङ्क्रमणकालीन न्याय र कानुनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरी अनुभव प्राप्त गरेका व्यक्तिहरु । |
| २ | कानुनको अध्यापक वा कानुन व्यवसायी | (क) कानूनमा स्नातक उपाधि हाँसिल गरी देवानी/फौजदारी कानून, संक्रमणकालीन न्याय तथा द्वन्द्व व्यवस्थापन विषयमा कम्तिमा पाँच बर्षको अध्यापनकोअनुभव प्राप्त व्यक्ति,<br>(ख) सर्बोच्च अदालत वा नेपाल बार काउन्सीलवाट अधिवक्ताको प्रमाणपत्र प्राप्त कम्तिमा सात वर्षको अनुभव प्राप्त कानून व्यवसायी, |
| ३ | विधि विज्ञान विशेषज्ञ | (क) Forensic Medicine विषयमा स्नातकोत्तर भई नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ सुचीमा दर्ता रही सम्बन्धित क्षेत्रमा |

[signature]

| | | |
|---|---|---|
| | | कार्यरत चिकित्सक,<br>(ख) ForensicArchaeology विषयमा तालीम प्राप्त अनुभवी व्यक्ति,<br>(ग) ForensicAnthropology विषयमा तालीम प्राप्त अनुभवी व्यक्ति,<br>(घ) Forensic Science विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सो सम्बन्धी क्षेत्रमा कार्यरत व्यक्ति, |
| ४ | विशेषज्ञ चिकित्सक | (क) मान्यता प्राप्त शिक्षण संस्थावाट एम.एस वा एम.डि. गरेका, नेपाल मेडिकल काउन्सीलमा दर्ता रही सम्बन्धित क्षेत्रमा कार्यरत चिकित्सक, |
| ५ | मनोचिकित्सक, मनोसामाजिक परामर्शदाता तथा बालमनोवेत्ता | (क) मनोचिकित्सक (Psychiatrist)विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सीलमा विशेषज्ञ सूचीमा दर्ता रही सम्बन्धित क्षेत्रमा कार्यरत चिकित्सक,<br>(ख) मान्यता प्राप्त मनो-सामाजिक परामर्श केन्द्रमा सूचीकृत रही अनुभव प्राप्त व्यक्ति,<br>(ग) मान्यता प्राप्त वाल मनोविज्ञान परामर्श केन्द्रमा सूचीकृत रही अनुभव प्राप्त व्यक्ति,<br>(घ) मनो-सामाजिक परामर्श वा वाल मनोविज्ञान सम्बन्धी तालिम प्राप्त गरी यस क्षेत्रमा काम गरी अनुभव प्राप्त व्यक्ति, |
| ६ | चार्टर एकाउन्टेन्ट /सम्पत्ति मूल्यांकनकर्ता | (क) नेपाल चार्टर एकाउन्टेण्ट एशोसियशनमा आवद्ध भई कम्तिमा पाँच बर्षको अनुभव प्राप्त व्यक्ति,<br>(ख) सम्पत्ति मुल्याङ्कनको लागि ईजाजत प्राप्त गरी सम्बन्धित क्षेत्रमा पाँच वर्षको अनुभव प्राप्त व्यक्ति, |
| ७ | ईञ्जिनियर | (क)स्थानीय सरकारी निकाय जस्तै; भवन डिभिजन कार्यालय, सडक कार्यालय, जिल्ला प्राविधिक कार्यालय आदिमा कार्यरत कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणीका सिभिल, मेकानिकल, ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक, आर्किटेक्चर, टेली कम्युनिकेशन, कम्प्युटर ईन्जिनियरको पदमा कार्यरत कर्मचारी,<br>(ख)ईन्जिनियरिङ्ग क्षेत्रको विभिन्न विषय(सिभिल, मेकानिकल; ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक, आर्किटेक्चर, टेली कम्युनिकेशन, कम्प्युटर आदि) मध्येमा स्नातक गरी नेपाल ईन्जिनियर्स एशोसियशनमा दर्ता भई कुनै गैर-सरकारी संघ संस्था वा स्वतन्त्र रुपमा कम्तिमा पाँच वर्ष काम गरी अनुभव प्राप्त व्यक्ति, |

| | | |
|---|---|---|
| | | (ग) नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणीको ईन्जिनियर पदवाट अवकास प्राप्त व्यक्ति, |

## २. आवेदकले आवेदनमा खुलाउनुपर्ने विवरणहरु

१. व्यक्तिगत विवरण

२. शैक्षिक योग्यता तथा अनुभव सम्वन्धी विवरण

३. विज्ञ वा विशेषज्ञको क्षेत्र

४. विज्ञ वा विशेषज्ञले काम गर्न चाहेको मुकाम

५. संक्रमणकालीन न्याय सम्बन्धी ज्ञान, सीप तथा अनुभव

६. आयोगमा दर्ता भएका उजुरी निवेदनको फछ्र्यौट गर्ने विधी र प्रकृया सम्वन्धमा संक्षिप्त कार्ययोजना ।

७. अपेक्षित मासिक पारिश्रमिक ।

## ३. आवेदकले आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी

३. निवेदकको कार्य अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी

४. शैक्षिक योग्यता, अनुभव लगायतका अन्य व्यक्तिगत विवरण उल्लिखित बायोडाटा (Bio-data)

सत्य निरुपण तथा मेलमिलाप आयोग
नेपाल